**अन्तर्राष्ट्रियतावादी नेपाली ऐक्यवद्धता मञ्च**
**NTERNATIONALIST NEPALESE SOLIDARITY FORUM**

# प्रेस विज्ञप्ती

जर्मनीमा रहेको नेपालीहरुको एकमात्र साझा संगठन अन्तराष्ट्रियतावादी नेपाली ऐक्यवद्धता मंचमा संगठित हुने क्रममा मुन्स्टरल्याण्डमा बस्ने नेपालीहरुको हालै मुन्स्टरमा भएको एक भेलाले बिनोद शर्माको नेतृत्वमा सात सदस्यीय मुन्स्टरल्याण्ड शाखाको निर्माण गरेको छ ।

आज नेपाली जनताहरु नेपाल, भुटान लगायतका देशहरुमा त्यहांको फासिवादी सरकारले निर्दोष जनतामाथि चलाएको दमन र अत्याचारका कारण हजारौंकों संख्यामा विदेशमा शरण लिन र बस्न बाध्य बनाइएकाछन् ।

सामान्तवादी राज्यव्यवस्थाबाट राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै किसिमबाट दबिएका नेपालीहरुले आफ्नो अधिकार आफै निर्माण गर्ने हेतुले २०५२ साल देखि चलाएको जनयुद्धले सारा बाधा र अवरोधहरुलाइ परास्त गर्दै रणनैतिक शक्ति सन्तुलनबाट रणनीतिक प्रत्याक्रमणमा अगाडि बढिरहेको छ । यसै क्रममा अमेरिकी साम्राज्यवाद र भारतिय बिस्तारवादले आफ्नो कठपुतली भाइमारा सरकारलाई जोगाउने नाममा नेपाली जनता विरुद्ध गरिने हस्तक्षेप सैहृय नहुने र त्यसको जवाफ नेपालीहरु दिन तयार रहनु पर्ने आवश्यकता महसुस गर्दै सारा नेपालीहरुलाई सबैखाले हस्तक्षेप विरुद्ध एकजुट हुन आव्हान गर्दछ ।

आज नेपालीहरु माझ श्वेत आतंक मच्चाई सारा नेपाली युवाहरुलाई विदेशमा दास बन्न धपाई आफ्नो आयु लम्ब्याउने प्रयत्नमा लागेको पुरानो सत्ताले अत्यन्त दुखकस्टका साथ जिन्दगी बिताइरहेका नेपालीहरुलाई बिनाप्रमाण नेपालीका नाममा जुनसुकै देशका नेपाली बोल्ने जतिलाई प्रतिव्यक्ति २ हजार युरो लिइ बुझ्ने, एयरपोर्टबाटै गिरफ्तार गरी हजारौं रकम लिने, थुन्ने, यातना दिने जस्ता अपराधिक कार्यहरु तत्काल बन्द गर्न माग गर्दछ ।

उक्त समितिका पदाधिकारीहरु निम्न बमोजिम रहेको जानकारी गराइन्छ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | विनोद शर्मा |
| २. | सचिव | खुमनारायण श्रेष्ठ |
| ३. | सदस्यहरु | प्रकाश शर्मा |
| ४. | | रामजी घिमिरे |
| ५. | | विकास दलित |
| ६. | | सन्तोषकुमार मिश्र |
| ७. | | नारायणप्रसाद तुलाचन |

बिनोद शर्मा
अध्यक्ष
मुन्स्टरल्याण्ड शाखा

**अन्तर्राष्ट्रियतावादी नेपाली ऐक्यवद्धता मञ्च**
**NTERNATIONALIST NEPALESE SOLIDARITY FORUM**

<u>प्रेस विज्ञप्ती</u>

नेपालीहरु संगठित हुने क्रममा यही सेप्टेम्बर २० मा अन्तराष्ट्रियतावादी नेपाली ऐक्यवद्धता मंच, जर्मनीको हेसेन राज्य शाखाका साधारण सदस्यहरुको प्रथम भेला फ्याडकफर्टमा सम्पन्न भयो । केन्द्रिय अध्यक्ष जनक पाठकको उपस्थितिमा भएको उक्त भेलाले सागर पोखेलको अध्यक्षतामा ९ सदस्यीय नयां कार्यसमिति निर्माण गरेकोछ।

सर्वहारावर्गिय नयाँ समाजको निर्माणका क्रममा आफ्नो ज्यान आहुति दिने शहिदप्रति १ मिनेट मौनधारणबाट शुरु गरिएको उक्त भेलाले सांगठनिक, राजनैतिक तथा आर्थिक प्रतिवेदन आवश्यक छलफलपछि पारित गरेको थियो ।

आज नेपालीहरुको पुर्ण प्रजातान्त्र प्राप्तिको आन्दोलनलाई दबाउने नाममा अमेरिकी साम्राज्यवादको निर्देशनमा भारतिय विस्तारवादी शासकहरुले नेपालमा हस्तक्षेप गरेमा त्यसको ठुलो मुल्य चुकाउनु पर्नेछ। आज जनतालाई सार्वभौम बनाइने प्रजातन्त्रको निर्माणमा यदि दुनियाँका सबै अपराधि एक भए पनि बिश्वका शोषित उत्पिडितको एकताले तिनलाई धुलो चटाईदिनेछ। भेलाले विस्तारबादी शासकहरुलाई खवरदारी गर्दै भारतिय हिरासतमा रहेका नेपाली जनताका नेताकार्यकर्ताहरुलाई ससम्मान रिहा गर्न पनि आग्रह गरेको छ ।

साथै भेलाले मर्न लागेको शाषकले विदेशी शक्तिलाई नेपाली जनता मार्नलाई खुल्ला रुपमा डाक्दा पनि संसदवादी पार्टिहरुले कुनै पनि विरोध नगर्नु र अझ कम्युनिष्ट भनाउंदो एमाले सत्ताको लिप्सामा टासिइरहनुले उनीहरु पनि हत्याराहरुकै मतियार भएको उल्लेख गर्दै सारा नेपालीहरुलाई विदेशी हस्तक्षेप विरुद्ध लडन तम्तयार रहनुपर्ने आवश्यकतामाथि जोड दिदै आगामी अक्टोबर १८ र १९ मा हुने इन्सोफको राष्टिय सम्मेलन सफल पार्नका लागि आव्हान गर्दछ ।

भेलाद्धारा निर्वाचित नयाँ कार्यसमितिमा निम्नानुसार पदाधिकारीहरु रहनु भएकोछ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | सागर पोखेल |
| २. | उपाध्यक्ष | बावुराम भट्टराइ |
| ३. | सचिव | विजय सापकोटा |
| ४. | सहसचिव | अनु गुरुङ० |
| ५. | कोषाध्यक्ष | मोहन श्रेष्ठ |
| ६. | सदस्यहरु | मनिराम न्यौपाने |
| ७. | | ध्रुव थापा |
| ८. | | सोनाम लामा |
| ९. | | देवी न्यौपाने |

पुरानो कार्यसमिति र हाम्रा कार्यक्रमहरुलाई सफल पार्न सहयोग पुर्याउनु हुने सबै मित्रहरुमा सधन्यबाद आगामी दिनहरुमा अझै बढि सहयोगको अपेक्षा गर्दछौं।
२२ सेप्टेम्बर २००४, फ्रान्कफर्ट ।

सागर पोखेल
अध्यक्ष
हेसेन शाखा तथा केन्द्रीय सदस्य
इन्सोफ